# प्रेस बिज्ञप्ति

पोखरा राष्ट्र बैंक चोक, पार्दी स्थित नेपाल राष्ट्र बैंकको परिसरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री वीर बिक्रम रायमाझी ज्यूले माछापुच्छ्रे बैंक लिमिटेडको नयाँ ATM सेवाको आज एक समारोह बिच शुभारम्भ गर्नुभयो । यस ATM स्थापना पश्चात बैकको कुल ATM को संख्या १४ पुगेको छ भने पोखरामा यो तेस्रो ATM हो । बैकले यस अघि नै पोखराको महेन्द्रपुल र वगरमा ATM स्थापना गरि सेवा पुऱ्याउदै आएको छ । माछापुच्छ्रे बैंकको ATM मा माछापुच्छ्रे बैंकबाट जारी भएका Card प्रयोग गरी कारोबार गर्दा यसमा कुनै अतिरिक्त शुल्क नलाग्ने साथै SCT Card को अतिरिक्त अन्तराष्ट्रिय मान्यता प्राप्त कार्डहरु जस्तै Visa Card र Master Card समेत प्रयोग गर्न सकिने छ ।

गुणस्तरीय आधुनिक बैंकिङ्ग सेवा सुबिधा प्रदान गर्ने क्रममा बैंकले नियमित बैंकिङ्ग कारोवारका अतिरीक्त Any Branch Banking, Internet Banking, Mobile Banking, ATM, On Line Mobile Bill Payment, Telephone Bill Payment, Locker Facilities, Salary Management, 365 Days Banking, Evening Counter जस्ता सेवाहरु प्रदान गर्दै आईरहेको छ ।

२०६४ चैत्र मसान्त सम्ममा बैंकले कुल रु. १० अरब २२ करोड ३२ लाख निक्षेप संकलन गरेकोछ भने रु. ८ अरब ३४ करोड ३१ लाख कर्जा प्रवाह गरेको छ । हाल बैंकले आफ्नो १३ वटा शाखाहरु तथा २ वटा बिस्तारीत काउण्टरबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । निकट भबिष्यमा नै बैंकले बेनी, आँबु खैरेनी, वालिङ्ग, दुलेगौडा, धनकुटा, ईलाम, बाग्लुङ्ग, नारायणगढ तथा बुटवलमा थप शाखा बिस्तार गर्ने योजना राखेको छ ।

मिति : २०६५/०१/२७